स्वस्थ,स्वच्छ,स्वतन्त्र र स्वाभिमान,सम्वृद्ध समाज निर्माणको लागि हाम्रो संचार अभियान

# जनतापत्र

Janatapatra weekly

साप्ताहिक

जि.प्रशा.का.सि.पा.द.नं. ७१-०७०।७१ जि.हु.का.सि.पा.द.नं. २५-०७०।७१

वर्ष -१४ , अंक-४ | २०८३ साउन २५, सोमवार | August 10, 2026 | मुल्य रु.- १० । | jantapatra.com

## भैंसीपालन मार्फत किसानलाई व्यवसायिक बनाउने

*जनतापत्र , चौतारा*

चौतारा साँगाचोकगढी नगरपालिका-११ ले स्थानीय किसानलाई व्यावसायिक पशुपालनतर्फ आकर्षित गर्ने उद्देश्यका साथ उन्नत जातको भैंसी खरिदमा ५० प्रतिशत अनुदान उपलब्ध गराउने कार्यक्रमलाई प्रभावकारी रूपमा अघि बढाएको छ। वडा अध्यक्ष रोशनराज गिरीले किसानलाई समयमै अनुदान प्रक्रियामा सहभागी हुन, सापटी फिर्ता गरी अनुदान लिन तथा घाँस व्यवस्थापनमा विशेष ध्यान दिन आग्रह गरेका छन्। वडा अध्यक्ष गिरीले किसानसँगको भेटघाट तथा छलफलका क्रममा उन्नत जातको भैंसीपालनले किसानको आम्दानी वृद्धि गर्न महत्वपूर्ण भूमिका खेल्ने बताउँदै सरकारले उपलब्ध गराएको अनुदानको अधिकतम उपयोग गर्न आग्रह गरे। उनका अनुसार अनुदान प्राप्त गर्न आवश्यक प्रक्रिया पूरा गरी सापटी फिर्ता गरेका किसानले उन्नत जातको भैंसी खरिदमा ५० प्रतिशतसम्म अनुदान पाउने व्यवस्था गरिएको छ।



उनले किसानलाई तराईका जिल्लामा पुगेर आफैं उपयुक्त तथा उन्नत जातको भैंसी छनोट गरी खरिद गर्न पनि प्रोत्साहित गरेका छन्। त्यसका लागि भैंसी ढुवानी खर्चस्वरूप प्रतिकिसान पाँच हजारदेखि दश हजार रुपैयाँसम्मको ढुवानी अनुदान उपलब्ध गराइने जानकारी उनले दिए। यस व्यवस्थाले किसानलाई गुणस्तरीय पशु छनोट गर्न सहज हुने र उत्पादनसमेत बढ्ने विश्वास व्यक्त गरिएको छ।

वडा अध्यक्ष गिरीका अनुसार दुईदेखि तीन वटा भैंसी पालेर व्यवसाय सञ्चालन गर्ने किसानलाई विशेष प्राथमिकता दिइनेछ। साना तथा मझौला किसानलाई लक्षित गरी ल्याइएको यो कार्यक्रमले गाउँमै रोजगारी सिर्जना गर्नुका साथै दूध उत्पादन बढाएर किसानको आर्थिक अवस्था सुधार गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ।

"अनुदानको उद्देश्य केवल भैंसी वितरण गर्नु होइन, किसानलाई दिगो आयआर्जनतर्फ उन्मुख गराउनु हो," अध्यक्ष गिरीले भने। उनले किसानलाई अनुदानको सदुपयोग गर्दै व्यावसायिक रूपमा पशुपालन गर्न आग्रह गरे।

उनले पशुपालनमा अर्को महत्वपूर्ण पक्षका रूपमा घाँस व्यवस्थापनलाई जोड दिएका छन्। वर्षायाममै पर्याप्त हरियो घाँस संकलन गरी साईलेज बनाउने हो भने हिउँद तथा सुख्खा मौसममा पशुलाई पोषणयुक्त आहार उपलब्ध गराउन सहज हुने उनले बताए। साईलेजको प्रयोगले दूध उत्पादनमा निरन्तरता कायम राख्न, पशुको स्वास्थ्य सुधार गर्न तथा दानामा हुने खर्चसमेत घटाउन मद्दत पुग्ने उनको भनाइ छ।

वडाले किसानलाई पशुपालनसँगै उन्नत घाँस खेती, पशु स्वास्थ्य, गोठ व्यवस्थापन तथा आधुनिक पालन

*बाकी पेज नं ६ मा*

## सुख्खा पहिरोले तातोपानी भन्सार डिपोमा ठूलो क्षति

*जनतापत्र, बाह्रविसे ।*

सिन्धुपाल्चोकको नेपाल-चीन सीमा क्षेत्रस्थित तातोपानी भन्सार डिपोमा सुख्खा पहिरो खस्दा ठूलो क्षति पुगेको छ। लगातारको भूक्षय र अस्थिर पहाडी भूभागका कारण माथिबाट सुख्खा पहिरो खस्ने तथा तलबाट भोटेकोशी नदीले तीव्र कटान गरिरहेकाले तातोपानी भन्सार कार्यालय, कन्टेनर यार्ड, गोदाम तथा अन्य संरचना गम्भीर जोखिममा परेका छन्।

हालै खसेको सुख्खा पहिरोले डिपो परिसरमा ठूलो मात्रामा ढुंगा, माटो र गेग्रान थुपारिएको छ। पहिरोका कारण यार्डका केही भागमा क्षति पुगेको छ भने भन्सार क्षेत्रभित्र सञ्चालन हुने आयात-निर्यातका गतिविधिमा समेत असर पर्ने चिन्ता बढेको छ। पहिरो हटाउने तथा जोखिम न्यूनीकरणका काम तत्काल सुरु गर्नुपर्ने अवस्था देखिएको स्थानीयले बताएका छन्।

स्थानीयका अनुसार वर्षायाम सुरु भएसँगै तातोपानी क्षेत्रमा पटक-पटक सुख्खा पहिरो खस्ने क्रम बढेको छ। पहाडको माथिल्लो भाग कमजोर बन्दै गएकाले जुनसुकै बेला ठूलो पहिरो खस्न सक्ने जोखिम रहेको उनीहरूको भनाइ छ। अर्कोतर्फ भोटेकोशी नदीले निरन्तर कटान गरिरहेकाले भन्सार डिपोको तल्लो भाग पनि असुरक्षित बन्दै गएको छ।भन्सार नाका नेपालको प्रमुख उत्तरी व्यापारिक प्रवेशद्वारमध्ये एक हो। यही नाकामार्फत दैनिक रूपमा ठूलो परिमाणमा मालवाहक कन्टेनर तथा सामानको आयात-निर्यात हुँदै आएको छ। तर प्राकृतिक जोखिम बढ्दै जाँदा नाकाको दीर्घकालीन सुरक्षा र सञ्चालनबारे गम्भीर प्रश्न उठ्न थालेको छ।स्थानीय व्यवसायीहरूले भन्सार परिसरको सुरक्षा सुनिश्चित गर्न तत्काल संरक्षणका काम अघि बढाउन सरकारसँग माग गरेका छन्। उनीहरूका अनुसार नाका केही समय अवरुद्ध भए पनि व्यापार, ढुवानी र राजस्व संकलनमा ठूलो असर पर्न सक्छ। त्यसैले जोखिम न्यूनीकरणका लागि पहिरो नियन्त्रण, नदी कटान रोक्ने संरचना निर्माण तथा भू-प्राविधिक अध्ययनलाई प्राथमिकता दिनुपर्ने आवश्यकता औँल्याइएको छ।

विज्ञहरूका अनुसार सुख्खा पहिरो सामान्य वर्षे पहिरोभन्दा फरक प्रकृतिको हुन्छ। पानी नपरेको अवस्थामा पनि चट्टान चर्किने, माटो कमजोर हुने र भूकम्पीय प्रभावका कारण ठूलो परिमाणमा ढुंगा तथा माटो खस्न सक्छ। सिन्धुपाल्चोकको तातोपानी क्षेत्र भूकम्पपछिको कमजोर भू-बनोटका कारण अझ संवेदनशील मानिन्छ।

स्थानीय प्रशासन तथा सम्बन्धित निकायले जोखिमग्रस्त क्षेत्रको निरन्तर अनुगमन गरिरहेको जनाएका छन्। आवश्यक परे थप सुरक्षा व्यवस्था, पहिरो पन्छाउने उपकरण परिचालन तथा सम्भावित क्षति न्यूनीकरणका उपाय अवलम्बन गरिने तयारी गरिएको बताइएको छ। यद्यपि दीर्घकालीन समाधानका लागि वैज्ञानिक अध्ययनसहित स्थायी संरचना निर्माण अपरिहार्य रहेको सरोकारवालाहरूको भनाइ छ।

व्यापारिक दृष्टिले अत्यन्त महत्वपूर्ण मानिने तातोपानी नाकामा बारम्बार दोहोरिने प्राकृतिक विपत्तिले राज्यको पूर्वतयारी र विपद् व्यवस्थापन क्षमतामाथि समेत प्रश्न उठाएको छ।

## थाङ्पालकोट स्वास्थ्य चौकीमा कार्यक्रम

*जनतापत्र, पाँचपोखरी*

विश्व स्तनपान सप्ताह २०२६ को अवसरमा पाँचपोखरी थाङपाल गाउँपालिका अन्तर्गत रहेको थाङ्पालकोट स्वास्थ्य चौकीमा "दिगो जीवनको स्वस्थ सुरुवात : प्रभावकारी स्तनपानको लागि सबैको साथ" भन्ने मूल नाराका साथ जनचेतनामूलक कार्यक्रम सफलतापूर्वक सम्पन्न भएको छ। कार्यक्रममा सुरक्षित र सफल स्तनपानमार्फत स्वस्थ आमा र स्वस्थ शिशुको आधार निर्माण गर्न सबै पक्षको साझा भूमिका आवश्यक रहेकोमा जोड दिइएको थियो।

स्वास्थ्य चौकीको आयोजनामा सम्पन्न कार्यक्रममा गर्भवती महिला, सुत्केरी आमा, महिला स्वास्थ्य स्वयंसेविका, स्वास्थ्यकर्मी, स्थानीय जनप्रतिनिधि तथा समुदायका

*बाकी पेज नं ७ मा*

**प्रकाशक**
**टीका सुवेदी**
**सम्पादक**
**दिनेश सापकोटा**
**कम्प्युटर : जनतापत्र डेक्स**
**मुद्रण : सेवा अफसेट प्रेस**
**सम्पर्क : ९८४१९८९०८७**
**इमेल:** *weeklyjanatapatra70@gmail.com*
**ठेगाना : चौतारा, सिन्धुपाल्चोक**

सम्पादकिय

# सरकारसामु चुनौतीको चाङ

वर्तमान सरकारसामु मुलुकमा बढ्दो जनअपेक्षा पूरा गर्नु नै सबैभन्दा ठूलो चुनौती बनेको छ ।

राजनीतिक अस्थिरता, सुशासनको कमजोर अवस्था, भ्रष्टाचारप्रतिको जनआक्रोश, रोजगारीको अभाव र आर्थिक मन्दीले सरकारको कार्यक्षमतामाथि प्रश्न उठाइरहेका छन्। नागरिक अब आश्वासनभन्दा परिणाम खोजिरहेका छन् ।

सरकारले सेवा प्रवाहलाई सरल, पारदर्शी र प्रभावकारी बनाउनुपर्ने आवश्यकता छ । विकास निर्माणमा देखिएको ढिलासुस्ती अन्त्य गर्दै सीमित स्रोतको सदुपयोग गर्नुपर्छ । युवालाई स्वदेशमै अवसर सिर्जना गर्ने, निजी क्षेत्रको विश्वास बढाउने र लगानीमैत्री वातावरण बनाउने काम पनि उत्तिकै महत्वपूर्ण छ ।

सरकारको सफलता भाषण र निर्णयको संख्याले होइन, नागरिकको जीवनमा आएको सकारात्मक परिवर्तनले मापन हुन्छ । त्यसैले राजनीतिक स्वार्थभन्दा माथि उठेर राष्ट्रिय हितलाई केन्द्रमा राख्दै दृढ इच्छाशक्ति, जवाफदेहिता र परिणाममुखी कार्यशैली अपनाउनु आजको मुख्य आवश्यकता हो ।

विचारपत्र

# कृषि रूपान्तरणको अर्गानिक बाटो

हृदयराज गौतम

माटो हाम्रो सम्पत्ति होइन, सन्ततिका लागि बोकिएको उत्तरदायित्व हो । त्यसैले माटोको रक्षा गर्नु कृषि मात्र होइन, राष्ट्रधर्म पनि हो । हामीले विकासका धेरै सूचकमा छलाङ मार्ने सपना देखिरहेका छौं । खाद्य उत्पादन बढाउने, कृषिलाई व्यवसायीकरण गर्ने, निर्यात वृद्धि गर्ने, आयात घटाउने र किसानको आम्दानी बढाउने लक्ष्य सार्वजनिक रूपमा दोहोरिइरहेका छन् । यी सबै लक्ष्य आवश्यक छन् । तर एउटा मौन प्रश्न छ, जसलाई हामीले धेरै कम सोधेका छौं, जसले यी सबै सम्भव बनाउँछ, त्यो हो माटो । त्यो माटो कति स्वस्थ छ ?

यो प्रश्न सामान्य लाग्न सक्छ, तर यसको उत्तर नेपालको कृषि भविष्यसँग जोडिएको छ । हामी प्रायः खेतीको कुरा गर्दा मल, बिउ, सिँचाइ, बजार, अनुदान र उत्पादनको चर्चा गर्छौं । तर खेतीको आधार माटो हो भन्ने सत्य धेरैपटक ओझेलमा पर्छ । यदि माटो क्रमशः आफ्नो जीवनशक्ति गुमाउँदै गयो भने सबैभन्दा आधुनिक बिउ, सबैभन्दा महँगो मल र सबैभन्दा उन्नत प्रविधिले पनि दीर्घकालीन समाधान दिन सक्दैन । किनभने बिरुवा केवल माटोमाथि उभिएको हुँदैन, माटोभित्रको अदृश्य जीवनमाथि पनि उभिएको हुन्छ ।

'अर्गानिक' शब्द नेपालमा लोकप्रिय छ । बजारमा अर्गानिक तरकारी, अर्गानिक फलफूल, अर्गानिक चामल, अर्गानिक मह र अर्गानिक मसला सहजै देखिन्छन् । तर एउटा प्रश्न भने अझै बाँकी छ, के हामीले अर्गानिकलाई वास्तवमै बुझेका छौं, कि केवल एउटा आकर्षक शब्दका रूपमा प्रयोग गरिरहेका छौं ? धेरैका लागि अर्गानिक भनेको रासायनिक मल नहाल्नु हो । कसैका लागि गोठेमल प्रयोग गर्नु हो । कसैका लागि विषादी नछर्नु हो ।

यी सबै पक्ष महत्वपूर्ण छन्, तर अर्गानिकको वास्तविक अर्थ यति मात्र होइन । अर्गानिकको केन्द्रमा कुनै उत्पादन होइन, जीवित माटो छ । माटोलाई जीवित प्रणालीका रूपमा बुझ्ने सोच नै अर्गानिकको सुरुआत हो । हामीले माटोलाई प्रायः धुलो, बालुवा र माटोको मिश्रणका रूपमा हेरेका छौं । तर विज्ञानले भन्छ, स्वस्थ माटो पृथ्वीका सबैभन्दा जटिल जीवित पारिस्थितिक प्रणालीमध्ये एक हो । एक मुठी स्वस्थ माटोमा अर्बौं सूक्ष्मजीव सक्रिय हुन्छन् ।तिनले पोषकतत्वको चक्र चलाउँछन्, जैविक पदार्थलाई विघटन गर्छन्, बिरुवाको जरालाई पोषण उपलब्ध गराउँछन् र माटोलाई जीवित राख्छन् । यही अदृश्य संसार कमजोर भयो भने खेत बाहिरबाट हरियो देखिए पनि भित्रबाट थाक्न थाल्छ । त्यसैले आज अर्गानिकबारेको बहस वास्तवमा मलको बहस होइन, माटोको भविष्यको बहस हो । र यो बहस किसानको मात्र होइन; नीति निर्माता, अनुसन्धानकर्ता, शिक्षक, विद्यार्थी, उपभोक्ता र सम्पूर्ण समाजको साझा बहस हो ।

किनकि हामी सबैको जीवन अन्ततः एउटै माटोसँग जोडिएको छ । मानिसले पृथ्वीबाट धेरै कुरा लियो, तर प्रकृतिले एउटा सर्त राखेको थियो, जति लिन्छौं, त्यति नै फिर्ता पनि गर । कृषि पनि यही नियममा टिकेको थियो । बालीले माटोबाट पोषक तत्व लियो, बालीका अवशेष फेरि माटोमा फर्किए । पशुले खेतको घाँस खायो, गोबर फेरि खेतमा फर्कियो । झरेका पात, सडेका बिरुवा, सूक्ष्मजीव र समयले मिलेर माटोलाई फेरि जीवित बनाए । यही प्राकृतिक चक्रका कारण हजारौं वर्षसम्म मानव सभ्यता टिकिरह्यो ।

आधुनिक कृषिको यात्रामा हामीले उत्पादनलाई केन्द्रमा राख्यौं, उत्पादनको आधारलाई होइन । खेतबाट अन्न निकाल्ने गति बढ्दै गयो, तर माटोलाई फिर्ता दिने संस्कार क्रमशः कमजोर हुँदै गयो । परिणामस्वरूप कतिपय ठाउँमा माटोको जैविक पदार्थ घट्न थाल्यो, माटो कडा बन्न थाल्यो, पानी सोस्ने क्षमता कमजोर हुन थाल्यो र उत्पादन कायम राख्न थप बाह्य स्रोत आवश्यक पर्ने अवस्था देखिन थाल्यो । यो कुनै एक देशको समस्या होइन; विश्वव्यापी चिन्ताको विषय हो ।

नेपाल पनि यसबाट पूर्ण रूपमा अलग छैन । हाम्रो कृषि परम्परागत रूपमा प्रकृतिसँग नजिक थियो । खेत, गोठ, वन र पानीबीच जीवन्त सम्बन्ध थियो । किसानले 'माटोलाई खुवाएपछि माटोले मानिसलाई खुवाउँछ' भन्ने दर्शन व्यवहारमै अपनाएका थिए । समय परिवर्तनसँगै कृषि पनि बदलियो, जुन स्वाभाविक थियो । तर परिवर्तनसँगै कतिपय ठाउँमा माटोको दीर्घकालीन स्वास्थ्यभन्दा तत्काल उत्पादनलाई बढी प्राथमिकता दिने प्रवृत्ति पनि बढ्यो ।

यसको अर्थ आधुनिक कृषि गलत थियो भन्ने होइन । आधुनिक विज्ञानले भोकमरी घटाउन, उत्पादन बढाउन र धेरै देशलाई खाद्य अभावबाट जोगाउन ऐतिहासिक योगदान दिएको छ । तर आजको आवश्यकता केवल धेरै उत्पादन गर्ने होइन, दिगो रूपमा उत्पादन गर्ने हो । यहीँबाट अर्गानिकको बहस सुरु हुन्छ । अर्गानिकलाई विज्ञानको विपक्षमा उभ्याउनु जति गलत हो, विज्ञानलाई प्रकृतिको विपक्षमा उभ्याउनग पनि त्यत्तिकै गलत हो । वास्तविक समाधान द्वन्द्वमा होइन, समन्वयमा छ ।

माटोको जीवन बुझ्ने विज्ञान, स्थानीय अनुभव, आधुनिक अनुसन्धान र जिम्मेवार व्यवस्थापनलाई एउटै दिशामा अघि बढाउन सकियो भने मात्र नेपालको कृषि भविष्य सुरक्षित हुनेछ । हामीले एउटा गम्भीर सत्य स्वीकार्नै पर्छ, माटो कारखानामा बन्ने वस्तु होइन । एउटा इन्च उर्वर माटो बन्न सयौं वर्ष लाग्न सक्छ । तर त्यसलाई क्षयीकरण गर्न केही वर्षको गलत अभ्यास पनि पर्याप्त हुन सक्छ । त्यसैले माटोको संरक्षण वातावरणको मात्र विषय होइन; यो आर्थिक, सामाजिक र राष्ट्रिय सुरक्षासँग जोडिएको विषय हो ।

यदि कुनै राष्ट्रले आफ्ना नदी, वन र माटोको स्वास्थ्य गुमायो भने त्यसले केवल प्राकृतिक सम्पत्ति गुमाउँदैन, उसले आफ्नो भविष्यको उत्पादन क्षमता पनि गुमाउँछ । यही कारणले विकसित राष्ट्रहरूले आज ' माटोको स्वास्थ्य' लाई कृषि नीतिको केन्द्रमा राख्न थालेका छन् । नेपालले पनि यही दिशामा समयमै गम्भीर कदम चाल्न आवश्यक छ । आजको वास्तविक प्रश्न 'अर्गानिक कि रासायनिक ?' होइन । वास्तविक प्रश्न हो - के हाम्रो कृषि प्रणालीले हरेक वर्ष माटोलाई अझ जीवित बनाइरहेको छ, कि बिस्तारै मृत्युको मुखतिर घचेडिरहेको छ ?

यदि हामीले यो प्रश्नको इमानदार उत्तर खोज्न थाल्यौं भने अर्गानिकबारेको बहस नाराबाट माथि उठेर राष्ट्रिय जिम्मेवारीमा रूपान्तरण हुनेछ । हामी प्रायः कृषि सुधारको कुरा गर्दा सरकारतर्फ औँला उठाउँछौं, किसानले बजारलाई दोष दिन्छन्, उपभोक्ताले किसानलाई शंकाको दृष्टिले हेर्छन्, र अनुसन्धानका निष्कर्ष प्रयोगशालाभित्रै सीमित रहन्छन् । परिणामतः सबैले आफ्नो जिम्मेवारीभन्दा अरूको कमजोरी बढी देख्न थाल्छन् । तर माटोको स्वास्थ्य यस्तो विषय हो, जसको समाधान कुनै एक पक्षसँग छैन । यो साझा उत्तरदायित्वको विषय हो ।

किसानले माटोलाई केवल उत्पादनको साधन होइन, जीवित सम्पदाका रूपमा हेर्नुपर्छ । सरकारको कृषि नीति पनि उत्पादन वृद्धिमा मात्र नभई माटोको स्वास्थ्य केन्द्रित हुनुपर्छ । देशव्यापी माटो स्वास्थ्य नक्सा, नियमित परीक्षण, जैविक पदार्थ वृद्धि कार्यक्रम, गुणस्तरीय जैविक इनपुटको मापदण्ड, अनुसन्धानमा लगानी र प्राविधिक परामर्श प्रणाली आजको आवश्यकता हो । कृषि अनुदानको मूल्यांकन उत्पादनसँगै माटोको गुणस्तर सुधारमा आधारित हुनुपर्छ ।

विश्वविद्यालय र अनुसन्धान संस्थाको दायित्व अझ गम्भीर छ । नेपालको हावापानी र कृषि प्रणाली विश्वका अन्य देशभन्दा फरक भएकाले समाधान पनि स्वदेशमै खोज्नुपर्छ । कुन क्षेत्रमा कस्तो जैविक व्यवस्थापन र बाली चक्र उपयुक्त हुन्छ भन्ने प्रश्नको उत्तर विदेशी पुस्तकबाट मात्र होइन, नेपाली खेतबाटै आउनुपर्छ । निजी क्षेत्रले पनि 'अर्गानिक' शब्द व्यापारिक आकर्षणका लागि नभई वैज्ञानिक प्रमाणका आधारमा प्रयोग गर्नुपर्छ । पारदर्शी प्रक्रिया र विश्वसनीय प्रमाणीकरण नै बजारको दीर्घकालीन आधार हो ।

उपभोक्ताको जिम्मेवारी पनि उत्तिकै छ । सस्तो मूल्य मात्र खोज्ने वा बिनाप्रमाणका दाबीलाई सहजै स्वीकार गर्ने प्रवृत्तिले प्रणाली कमजोर बनाउँछ । उत्पादन कसरी भएको हो भन्ने प्रश्न सोध्न थाले मात्र बजार जिम्मेवार बन्छ । आज नेपाललाई बढी उत्पादनभन्दा

पेज नं ७ मा ..

## विश्व स्तनपान सप्ताह चौतारा अस्पतालमा विविध कार्यक्रम,

# प्रभावकारी स्तनपान प्रवर्द्धनमा जोड

*जनतापत्र, चौतारा ।*

"दिगो जीवनको स्वस्थ सुरुवात : प्रभावकारी स्तनपानका लागि सबैको साथ" भन्ने मूल नाराका साथ चौतारा अस्पताल, सिन्धुपाल्चोकमा विश्व स्तनपान सप्ताह (अगस्ट १-७) विविध जनचेतनामूलक कार्यक्रम आयोजना गरी भव्य रूपमा सम्पन्न गरिएको छ । साताव्यापी कार्यक्रममार्फत नवजात शिशुको स्वास्थ्य, आमाको पोषण, प्रभावकारी स्तनपानको महत्व तथा परिवार र समुदायको भूमिकाबारे व्यापक सचेतना फैलाइएको अस्पतालले जनाएको छ ।

हरेक वर्ष अगस्ट १ देखि ७ सम्म विश्वभर मनाइने विश्व स्तनपान सप्ताहका अवसरमा चौतारा अस्पतालले स्वास्थ्यकर्मी, सुत्केरी आमा, गर्भवती महिला, महिला स्वास्थ्य स्वयंसेविका, सेवाग्राही तथा स्थानीय समुदायको सक्रिय सहभागितामा विभिन्न कार्यक्रम सञ्चालन गरेको थियो । कार्यक्रममा स्तनपान सम्बन्धी परामर्श, स्वास्थ्य शिक्षा, अन्तरक्रिया, सचेतनामूलक अभिमुखीकरण तथा सूचना सामग्री वितरण गरिनुका साथै स्तनपानसम्बन्धी सही अभ्यासबारे जानकारी प्रदान गरिएको थियो ।कार्यक्रममा बोल्दै अस्पतालका चिकित्सक तथा स्वास्थ्यकर्मीहरूले जन्मेको एक घण्टाभित्रै शिशुलाई आमाको दूध चुसाउन सुरु गर्नु अत्यन्त आवश्यक रहेको बताए । उनीहरूले शिशुको जीवनको पहिलो छ महिनासम्म आमाको दूध मात्र पर्याप्त हुने भएकाले यस अवधिमा पानी, मह, भोल वा अन्य कुनै पनि खानेकुरा आवश्यक नपर्ने जानकारी गराए । छ महिनापछि थप पोषिलो पूरक आहार सुरु गरे पनि दुई वर्ष वा सोभन्दा बढी समयसम्म स्तनपानलाई निरन्तरता दिनुपर्नेमा जोड दिइएको थियो ।स्वास्थ्यकर्मीहरूले आमाको दूध शिशुको पहिलो खोपका रूपमा समेत काम गर्ने बताए । आमाको दूधमा हुने प्राकृतिक प्रतिरोधात्मक तत्वले शिशुलाई निमोनिया, झाडापखाला, कुपोषण तथा विभिन्न संक्रामक रोगबाट बचाउन मद्दत गर्ने उनीहरूको भनाइ थियो । साथै, स्तनपानले शिशुको शारीरिक, मानसिक तथा बौद्धिक विकासमा महत्वपूर्ण भूमिका खेल्ने भएकाले प्रत्येक परिवारले यसको महत्व बुझ्न आवश्यक रहेको उल्लेख गरिएको थियो ।

कार्यक्रममा सहभागी सुत्केरी आमाहरूलाई सही तरिकाले स्तनपान गराउने विधि, शिशुलाई काखमा राख्ने सही अवस्था, स्तनपानका क्रममा अपनाउनुपर्ने सावधानी तथा आमाको पोषणसम्बन्धी व्यवहारिक जानकारी प्रदान गरिएको थियो । स्वास्थ्यकर्मीहरूले स्तनपानका क्रममा देखिने सामान्य समस्या र त्यसको समाधानबारे पनि परामर्श दिएका थिए ।

अस्पतालका अनुसार प्रभावकारी स्तनपानका लागि आमा मात्र नभई परिवारका सबै सदस्यको सहयोग आवश्यक हुन्छ । विशेष गरी श्रीमान्, सासु-ससुरा तथा परिवारका अन्य सदस्यले सुत्केरी आमालाई मानसिक, सामाजिक तथा भावनात्मक सहयोग उपलब्ध गराउँदा स्तनपान सफल र प्रभावकारी हुने भएकाले सामूहिक जिम्मेवारीको भावना विकास गर्नुपर्नेमा जोड दिइएको थियो ।

सप्ताहव्यापी कार्यक्रमका क्रममा अस्पतालमा उपचारका लागि आएका गर्भवती महिला तथा सेवाग्राहीलाई स्तनपानका फाइदाबारे जानकारी गराउनुका साथै स्तनपानसम्बन्धी भ्रम र गलत धारणालाई हटाउने प्रयास गरिएको थियो । स्वास्थ्यकर्मीहरूले बजारमा उपलब्ध दूधका विकल्पभन्दा आमाको दूध नै शिशुका लागि सबैभन्दा सुरक्षित, पोषिलो र प्राकृतिक आहार भएको स्पष्ट पारे ।

कार्यक्रममा स्वास्थ्यकर्मीहरूले प्रभावकारी स्तनपानले शिशुको स्वास्थ्य सुधार मात्र नभई आमाको स्वास्थ्यमा पनि सकारात्मक प्रभाव पार्ने बताए । नियमित स्तनपानले आमामा प्रसूति पश्चात् रक्तस्राव कम गर्न, पाठेघरलाई सामान्य अवस्थामा फर्काउन, स्तन तथा डिम्बाशयको क्यान्सरको जोखिम घटाउन तथा आमा-शिशुबीचको भावनात्मक सम्बन्धलाई अझ सुदृढ बनाउन महत्वपूर्ण भूमिका खेल्ने जानकारी दिइएको थियो ।



चौतारा अस्पतालले मातृ तथा शिशु स्वास्थ्यलाई प्राथमिकतामा राखेर नियमित रूपमा गर्भवती जाँच, सुरक्षित प्रसूति सेवा, नवजात शिशु स्याहार, पोषण परामर्श तथा स्तनपान प्रवर्द्धनका कार्यक्रम सञ्चालन गर्दै आएको जनाएको छ । अस्पतालका अनुसार सुरक्षित मातृत्व र स्वस्थ बालबालिका निर्माणका लागि समुदायस्तरसम्म यस्ता जनचेतनामूलक कार्यक्रमलाई निरन्तरता दिइनेछ ।कार्यक्रममा सहभागीहरूले स्तनपानसम्बन्धी सही जानकारीले आफूहरूलाई धेरै लाभ पुगेको प्रतिक्रिया दिएका थिए ।

विशेष गरी पहिलो पटक आमा बनेका महिलाहरूले स्वास्थ्यकर्मीबाट प्राप्त व्यवहारिक ज्ञानले शिशुको उचित स्याहार गर्न सहज हुने विश्वास व्यक्त गरेका थिए ।विश्व स्तनपान सप्ताहको समापन गर्दै अस्पतालले स्वस्थ आमा र स्वस्थ शिशु निर्माणका लागि प्रभावकारी स्तनपान अपरिहार्य रहेको उल्लेख गर्दै प्रत्येक परिवार, समुदाय, स्वास्थ्य संस्था तथा सरोकारवाला निकायले यसको प्रवर्द्धनमा साझा जिम्मेवारी निर्वाह गर्नुपर्ने आवश्यकता औंल्याएको छ । "दिगो जीवनको स्वस्थ सुरुवात : प्रभावकारी स्तनपानका लागि सबैको साथ" भन्ने नारालाई व्यवहारमा उतार्न सके मात्रै मातृ तथा शिशु स्वास्थ्यमा दीर्घकालीन सकारात्मक परिवर्तन सम्भव हुने विश्वास अस्पतालले व्यक्त गरेको छ ।


## लिसंखुपाखर गाँउपालिकाको अनुरोध

**समग्र विकास, सुशासन, स्वास्थ्य तथा सुरक्षित समाज निर्माणका लागि देहायका विषयमा सबै गाँउवासीहरूलाई हार्दिक अनुरोध गर्दछौँ:**

- जन्म, मृत्यु, विवाह, बसाइँसराइ, सम्बन्ध विच्छेदलगायतका व्यक्तिगत घटना घटना घटेको ३५ दिनभित्र वडा कार्यालयमा अनिवार्य दर्ता गरौँ/गराऔँ ।
- कानुनी पहिचान र राज्यबाट प्राप्त हुने सेवाबाट वञ्चित नहुन घटना दर्ता समयमै गरौँ ।
- खाना र पानी शुद्ध बनाएर प्रयोग गरौँ ,ताजा र पोषणयुक्त खाना खाने बानी बसालौँ ।
- घर, कोठा र वरपरको वातावरण सफा राखौँ,नियमित रूपमा हात धुने र व्यक्तिगत सरसफाइमा ध्यान दिऔँ।
- बालबालिका र वृद्धवृद्धालाई विशेष स्वास्थ्य ध्यान दिऔँ।
- खोप कार्यक्रम पूरा गरौँ र नियमित स्वास्थ्य जाँच गराऔँ ।
- गर्भवती महिला तथा सुत्केरी आमाको नियमित स्वास्थ्य परीक्षण गराऔँ।
- घरेलु हिंसा, लैगिंक हिंसा र मानसिक उत्पीडन अन्त्य गर्न सबै सचेत बनौँ।
- बालविवाह, छुवाछुत, अन्धविश्वास र नशा दुर्व्यसनजस्ता सामाजिक कुरीतिहरू हटाउन सामूहिक प्रयास गरौँ।
- बालबालिकालाई विद्यालय पठाऔँ र बालश्रम पूर्ण रूपमा रोकौँ।
- बालमैत्री वातावरण निर्माण गरी बालअधिकारको संरक्षण गरौँ।
- कृषिको व्यवसायीकरण गर्दै किसानलाई सम्मान गरौँ।
- उत्पादनशील तथा आर्थिक रूपमा लाभदायी कृषि वस्तु उत्पादनमा जोड दिऔँ।
- आत्मनिर्भर नगरपालिका निर्माणमा सबैको सहकार्य सुनिश्चित गरौँ।
- सामाजिक उपक्रम र स्थानीय उद्यम प्रवर्द्धन गरौँ।
- विकास निर्माणका योजनाहरू दीर्घकालीन, गुणस्तरीय र सुरक्षित बनाऔँ।
- निर्माण सम्पन्न योजनाको संरक्षण, सुरक्षा र अपनत्व ग्रहण गरौँ।
- पालिका तथा वडा कार्यालयबाट हुने सेवा प्रवाहबारे जानकारी लिऔँ।
- सेवा सम्बन्धी गुनासो वा सुझाव भएमा नगर/वडामा पेश गरौँ।
- आमा समूह, युवा क्लब तथा समुदायका संघसंस्थाको सक्रिय सहभागिता बढाऔँ।
- शिक्षा र भौतिक पूर्वाधारमार्फत समुदायलाई सशक्त बनाऔँ।
- सरकारी तथा सार्वजनिक संरचनाको संरक्षण गरौँ र निर्माण मापदण्ड अपनाऔँ।

**लिसंखुपाखर गाँउपालिका**
**गाँउपालिकाको कार्यालय,**
**सिन्धुपाल्चोक**

# सुत्केरी आमा र नवजात शिशुको घर-घरमै स्वास्थ्य परीक्षण

*जनतापत्र, चौतारा*

हेलम्बु गाउँपालिकाले मातृ तथा शिशु स्वास्थ्यलाई प्राथमिकतामा राख्दै सुत्केरी आमा र नवजात शिशुको स्वास्थ्य अवस्थाबारे घर-घरमै पुगेर स्वास्थ्य परीक्षण तथा परामर्श दिने अभियान सञ्चालन गरेको छ। गाउँपालिकाअन्तर्गतका स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीहरूले सुत्केरी भएका प्रत्येक घरमा पुगेर आमा र शिशुको स्वास्थ्य अवस्था जाँच गर्नुका साथै आवश्यक स्वास्थ्य परामर्श प्रदान गरिरहेका छन्।

कार्यक्रमअन्तर्गत स्वास्थ्यकर्मीहरूले सुत्केरी आमाको स्वास्थ्य अवस्था, रक्तचाप, रक्तस्राव, संक्रमणको सम्भावना, पोषण अवस्था तथा अन्य स्वास्थ्य समस्याबारे परीक्षण गरिरहेका छन्। साथै नवजात शिशुको तौल, शरीरको तापक्रम, स्तनपानको अवस्था, नाभीको हेरचाह, श्वासप्रश्वास तथा समग्र स्वास्थ्य अवस्थाको समेत सूक्ष्म रूपमा परीक्षण गरिएको छ।

स्वास्थ्यकर्मीहरूले नवजात शिशुलाई जन्मेको एक घण्टाभित्र स्तनपान गराउने, पहिलो छ महिनासम्म आमाको दूध मात्र खुवाउने, सरसफाइमा विशेष ध्यान दिने तथा नियमित खोप लगाउने विषयमा अभिभावकलाई विस्तृत जानकारी दिएका छन्। सुत्केरी आमालाई पनि पोषिलो आहार सेवन, पर्याप्त आराम, व्यक्तिगत सरसफाइ तथा स्वास्थ्यमा कुनै असामान्य लक्षण देखिए तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गर्न सुझाव दिइएको छ।

गाउँपालिकाका अनुसार दुर्गम बस्तीका आमा तथा नवजात शिशु पनि गुणस्तरीय स्वास्थ्य सेवाबाट वञ्चित नहुन् भन्ने उद्देश्यले स्वास्थ्यकर्मीहरू प्रत्यक्ष घरमै पुगेर सेवा प्रदान गरिरहेका छन्। यस अभियानले सुत्केरीपछि देखिन सक्ने जटिलता समयमै पहिचान गर्न तथा आवश्यक उपचारका लागि स्वास्थ्य संस्थासम्म पहुँच बढाउन महत्वपूर्ण सहयोग पुग्ने विश्वास गरिएको छ।

स्वास्थ्यकर्मीहरूले घर भ्रमणका क्रममा परिवारका अन्य सदस्यलाई पनि सुत्केरी आमाको उचित स्याहार, पोषण, मानसिक स्वास्थ्य तथा नवजात शिशुको नियमित हेरचाहबारे परामर्श दिएका छन्। परिवारको सहयोगले आमा र शिशुको स्वास्थ्य सुधारमा महत्वपूर्ण भूमिका खेल्ने भएकाले सबै सदस्यको सक्रिय सहभागिता आवश्यक रहेको उनीहरूको भनाइ छ। स्थानीयवासीहरूले स्वास्थ्य संस्था पुग्न कठिन हुने अवस्थामा स्वास्थ्यकर्मी नै घरमै आएर सेवा दिएकोप्रति खुसी व्यक्त गरेका छन्। विशेषगरी दुर्गम गाउँमा बसोबास गर्ने परिवारले यस सेवाबाट ठूलो राहत महसुस गरेको बताएका छन्।

हेलम्बु गाउँपालिकाले मातृ तथा शिशु मृत्युदर न्यूनीकरण, सुरक्षित मातृत्व प्रवर्द्धन तथा सबै नागरिकलाई आधारभूत स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गर्ने लक्ष्यअनुसार यस्ता कार्यक्रमलाई निरन्तरता दिँदै आएको जनाएको छ। गाउँपालिकाले आगामी दिनमा पनि गर्भवती, सुत्केरी आमा तथा नवजात शिशुको नियमित अनुगमन र स्वास्थ्य परीक्षणलाई थप प्रभावकारी बनाउँदै लैजाने योजना रहेको जनाएको छ।

# हात्तीपाइले रोगीलाई सेल्फ-केयर किट वितरण

*जनतापत्र, चौतारा*

हात्तीपाइले (फाइलेरियासिस) रोगबाट प्रभावित बिरामीहरूको जीवनस्तर सुधार गर्ने उद्देश्यले फेरमेट (मांक) को आयोजनामा तथा थुम्पाखर स्वास्थ्य चौकीको सहकार्यमा आज हात्तीपाइले रोगसम्बन्धी सेल्फ-केयर किट वितरण तथा प्रयोगसम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा हात्तीपाइले रोगबाट प्रभावित स्थानीय बिरामीहरूलाई दैनिक स्व-हेरचाहका लागि आवश्यक सामग्री समावेश गरिएको सेल्फ-केयर किट वितरण गरिएको थियो। साथै किटमा रहेका सामग्रीको सही प्रयोग, व्यक्तिगत सरसफाइ, संक्रमणबाट बच्ने उपाय तथा घरमै अपनाउन सकिने स्व-हेरचाहका विधिबारे स्वास्थ्यकर्मीहरूले व्यावहारिक रूपमा जानकारी दिएका थिए।कार्यक्रममा सहभागीहरूलाई हात्तीपाइले रोग पूर्ण रूपमा निको नहुने भए पनि नियमित सरसफाइ, प्रभावित अंगको उचित हेरचाह, नियमित व्यायाम, छालाको सुरक्षा तथा स्वास्थ्यकर्मीको सल्लाहअनुसार उपचार गरेमा रोगको जटिलता कम गर्न सकिने जानकारी दिइएको थियो।स्वास्थ्यकर्मीहरूले प्रभावित खुट्टा वा हातलाई दैनिक साबुनपानीले सफा गर्ने, राम्रोसँग सुकाउने, छालामा चोटपटक लाग्न नदिने, संक्रमण हुन नदिन विशेष सावधानी अपनाउने तथा आवश्यक परे प्रभावित अंगलाई माथि उठाएर आराम गर्ने अभ्यास गर्नुपर्ने बताएका थिए। यस्ता उपायले सूजन कम गर्न र बारम्बार हुने संक्रमणबाट जोगिन महत्वपूर्ण भूमिका खेल्ने उनीहरूको भनाइ थियो।

कार्यक्रममा बोल्दै स्वास्थ्यकर्मीहरूले हात्तीपाइले रोगको रोकथामका लागि सरकारले सञ्चालन गर्दै आएको औषधि सेवन अभियानमा सबै नागरिकको सक्रिय सहभागिता आवश्यक रहेको बताए। नियमित रूपमा दिइने औषधि सेवन गरे रोगको संक्रमण फैलिन नदिने तथा नयाँ बिरामीको संख्या घटाउन सहयोग पुग्ने विश्वास व्यक्त गरिएको थियो।

प्रतिनिधिहरूले समुदायमा हात्तीपाइले रोगप्रति अझै पनि विभिन्न भ्रम र गलत धारणा रहेको उल्लेख गर्दै रोगबारे सही जानकारी फैलाउनु आवश्यक रहेको बताए। उनीहरूका अनुसार रोगबाट प्रभावित व्यक्तिलाई सामाजिक रूपमा विभेद गर्नुको सट्टा आवश्यक सहयोग, परामर्श र उपचारमा पहुँच सुनिश्चित गर्नुपर्नेमा जोड दिइयो।थुम्पाखर स्वास्थ्य चौकीले पनि हात्तीपाइले रोगबाट प्रभावित बिरामीको नियमित स्वास्थ्य परीक्षण, परामर्श तथा आवश्यक स्वास्थ्य सेवा निरन्तर उपलब्ध गराउँदै आएको जनाएको छ। आगामी दिनमा पनि यस्ता सचेतनामूलक तथा क्षमता अभिवृद्धिका कार्यक्रमलाई निरन्तरता दिइने स्वास्थ्य चौकीले जानकारी दिएको छ।कार्यक्रममा सहभागी बिरामीहरूले सेल्फ-केयर किट प्राप्त गरेपछि दैनिक जीवनमा स्व-हेरचाह गर्न थप सहज हुने विश्वास व्यक्त गरेका थिए। उनीहरूले स्वास्थ्यकर्मीबाट सामग्री प्रयोग गर्ने सही तरिका सिक्न पाउँदा रोग व्यवस्थापनमा आत्मविश्वास बढेको प्रतिक्रिया दिएका थिए।


## पाँचपोखरी थाङ्पालधाप गाँउपालिकाका अनुरोध

**गाँउको समग्र विकास, सुशासन, स्वास्थ्य तथा सुरक्षित समाज निर्माणका लागि देहायका विषयमा सबै गाँउ( वासीहरूलाई हार्दिक अनुरोध गर्दछौँ:**

- जन्म, मृत्यु, विवाह, बसाइँसराइ, सम्बन्ध विच्छेदलगायतका व्यक्तिगत घटना घटना घटेको ३५ दिनभित्र वडा कार्यालयमा अनिवार्य दर्ता गरौँ/गराऔँ।
- कानुनी पहिचान र राज्यबाट प्राप्त हुने सेवाबाट वञ्चित नहुन घटना दर्ता समयमै गरौँ।
- खाना र पानी शुद्ध बनाएर प्रयोग गरौँ ,ताजा र पोषणयुक्त खाना खाने बानी बसालौँ।
- घर, कोठा र वरपरको वातावरण सफा राखौँ,नियमित रूपमा हात धुने र व्यक्तिगत सरसफाइमा ध्यान दिऔँ।
- बालबालिका र वृद्धवृद्धालाई विशेष स्वास्थ्य ध्यान दिऔँ।
- खोप कार्यक्रम पूरा गरौँ र नियमित स्वास्थ्य जाँच गराऔँ।
- गर्भवती महिला तथा सुत्केरी आमाको नियमित स्वास्थ्य परीक्षण गराऔँ।
- घरेलु हिंसा, लैगिंक हिंसा र मानसिक उत्पीडन अन्त्य गर्न सबै सचेत बनौँ।
- बालविवाह, छुवाछुत, अन्धविश्वास र नशा दुर्व्यसनजस्ता सामाजिक कुरीतिहरू हटाउन सामूहिक प्रयास गरौँ।
- बालबालिकालाई विद्यालय पठाऔँ र बालश्रम पूर्ण रूपमा रोकौँ।
- बालमैत्री वातावरण निर्माण गरी बालअधिकारको संरक्षण गरौँ।
- कृषिको व्यवसायीकरण गर्दै किसानलाई सम्मान गरौँ।
- उत्पादनशील तथा आर्थिक रूपमा लाभदायी कृषि वस्तु उत्पादनमा जोड दिऔँ।
- आत्मनिर्भर नगरपालिका निर्माणमा सबैको सहकार्य सुनिश्चित गरौँ।
- सामाजिक उपक्रम र स्थानीय उद्यम प्रवर्द्धन गरौँ।
- विकास निर्माणका योजनाहरू दीर्घकालीन, गुणस्तरीय र सुरक्षित बनाऔँ।
- निर्माण सम्पन्न योजनाको संरक्षण, सुरक्षा र अपनत्व ग्रहण गरौँ।
- पालिकधा तथा वडा कार्यालयबाट हुने सेवा प्रवाहबारे जानकारी लिऔँ।
- सेवा सम्बन्धी गुनासो वा सुझाव भएमा नगर/वडामा पेश गरौँ।
- आमा समूह, युवा क्लब तथा समुदायका संघसंस्थाको सक्रिय सहभागिता बढाऔँ।
- शिक्षा र भौतिक पूर्वाधारमार्फत समुदायलाई सशक्त बनाऔँ।
- सरकारी तथा सार्वजनिक संरचनाको संरक्षण गरौँ र निर्माण मापदण्ड अपनाऔँ।

**पाँचपोखरी थाङ्पालधाप**
**गाँउपालिकाको कार्यालय,**
**सिन्धुपाल्चोक**

# मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि सचेतना

*जनतापत्र, चौतारा*

मानव बेचबिखन तथा ओसार पसार नियन्त्रणका लागि सरोकारवाला निकायबीच समन्वय, सहकार्य र प्रभावकारी कार्ययोजना निर्माण गर्ने उद्देश्यले पाँचपोखरी थाङपाल गाउँपालिका, सिन्धुपाल्चोकको साझेदारी, सम्बन्धित सरकारी तथा गैरसरकारी संस्थाहरूको समन्वय र शान्ति फाउन्डेसनको सहकार्यमा एक छलफल कार्यक्रम सम्पन्न भएको छ ।



कार्यक्रममा गाउँपालिकाका जनप्रतिनिधि, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्षहरू, नेपाल प्रहरी, स्थानीय प्रशासन, महिला तथा बालबालिका क्षेत्रमा कार्यरत संघसंस्था, शिक्षक, सामाजिक अभियन्ता, युवा प्रतिनिधि तथा स्थानीय समुदायका प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

कार्यक्रममा मानव बेचबिखन तथा ओसारपसार नेपालका लागि गम्भीर सामाजिक अपराध भएको उल्लेख गर्दै यसको रोकथामका लागि स्थानीय तहको भूमिका अझ प्रभावकारी बनाउनुपर्नेमा जोड दिइयो । विशेषगरी वैदेशिक रोजगारी, शिक्षा, विवाह, आकर्षक रोजगारीको प्रलोभन तथा अन्य विभिन्न बहानामा हुने मानव बेचबिखनका घटनाप्रति समुदायलाई सचेत गराउनु आवश्यक रहेको वक्ताहरूले बताए ।

छलफलका क्रममा पछिल्ला वर्षहरूमा मानव बेचबिखनका स्वरूप परिवर्तन हुँदै गएको भन्दै सामाजिक सञ्जाल, अनलाइन माध्यम र झुटा आश्वासनमार्फत पनि मानिसहरू ठगी तथा बेचबिखनको जोखिममा पर्ने गरेको विषय उठाइएको थियो । त्यसैले डिजिटल माध्यमको सुरक्षित प्रयोग, सत्य सूचना पहिचान गर्ने क्षमता र समयमै सम्बन्धित निकायमा जानकारी गराउने संस्कृतिको विकास गर्नुपर्नेमा सहभागीहरूले जोड दिएका थिए ।

कार्यक्रममा महिलाहरू, किशोरीहरू, बालबालिका, आर्थिक रूपमा विपन्न परिवार तथा वैदेशिक रोजगारीका लागि जाने युवाहरू मानव बेचबिखनको उच्च जोखिममा रहने भएकाले उनीहरूलाई लक्षित सचेतनामूलक कार्यक्रम नियमित सञ्चालन गर्नुपर्ने आवश्यकता औँल्याइयो । विद्यालय, समुदाय तथा वडा तहमा निरन्तर जनचेतनामूलक अभियान सञ्चालन गरिए मानव बेचबिखन न्यूनीकरणमा सकारात्मक प्रभाव पर्ने विश्वास व्यक्त गरिएको थियो ।

सहभागीहरूले मानव बेचबिखन नियन्त्रणका लागि कानुनी व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्ने, शंकास्पद गतिविधिको सूचना तत्काल प्रहरी तथा स्थानीय सरकारलाई उपलब्ध गराउनुपर्ने तथा पीडितमैत्री उद्धार, संरक्षण र पुनःस्थापनाको व्यवस्था सुदृढ बनाउनुपर्ने सुझाव दिएका थिए ।

कार्यक्रममा बोल्दै गाउँपालिकाका प्रतिनिधिहरूले मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणलाई स्थानीय सरकारको प्राथमिकतामा राखिएको उल्लेख गर्दै यस क्षेत्रमा आवश्यक नीति, योजना तथा सचेतनामूलक कार्यक्रमलाई निरन्तरता दिइने प्रतिबद्धता व्यक्त गरे । गाउँपालिकाले सम्बन्धित निकायहरूसँग समन्वय गर्दै समुदायस्तरमै जोखिम न्यूनीकरणका कार्यक्रम सञ्चालन गर्ने जनाएको छ ।

नेपाल प्रहरीका प्रतिनिधिले मानव बेचबिखनका घटनामा समुदायको भूमिका अत्यन्त महत्वपूर्ण हुने भन्दै कुनै पनि शंकास्पद गतिविधि देखिए तत्काल सूचना दिन आग्रह गरे । समयमै सूचना प्राप्त भए सम्भावित अपराध रोक्न र पीडितको उद्धार गर्न सहज हुने उनले बताए । साथै, कानुनी प्रक्रिया, उजुरी दर्ता र पीडितको सुरक्षासम्बन्धी व्यवस्थाबारे समेत जानकारी गराइएको थियो ।

शान्ति फाउन्डेसनका प्रतिनिधिहरूले मानव बेचबिखन नियन्त्रणका लागि केवल कानुनी कारबाही मात्र पर्याप्त नहुने उल्लेख गर्दै शिक्षा, रोजगारी, आर्थिक सशक्तीकरण, सुरक्षित वैदेशिक रोजगारीसम्बन्धी जानकारी तथा समुदायको सक्रिय सहभागिता आवश्यक रहेको बताए । संस्थाले आगामी दिनमा पनि गाउँपालिकासँग सहकार्य गरी सचेतनामूलक अभियान, क्षमता अभिवृद्धि तालिम तथा जोखिममा रहेका समुदायलाई लक्षित कार्यक्रम सञ्चालन गर्ने प्रतिबद्धता जनाएको छ ।

कार्यक्रममा सहभागी विभिन्न संघसंस्थाका प्रतिनिधिहरूले मानव बेचबिखन नियन्त्रणका लागि सबै निकायबीच सूचना आदानप्रदान, समन्वय र संयुक्त अभियान सञ्चालन गर्नुपर्ने धारणा राखे । स्थानीय तह, सुरक्षा निकाय, विद्यालय, नागरिक समाज तथा सञ्चारमाध्यमले संयुक्त रूपमा अभियान सञ्चालन गरे मानव बेचबिखनविरुद्ध प्रभावकारी वातावरण निर्माण गर्न सकिने उनीहरूको भनाइ थियो ।

छलफलको निष्कर्षमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि स्थानीय सरकारको नेतृत्वमा बहुपक्षीय सहकार्यलाई थप सुदृढ बनाउने, समुदायस्तरमा जनचेतना अभिवृद्धि गर्ने, जोखिममा रहेका समूहको पहिचान गरी आवश्यक सहयोग उपलब्ध गराउने तथा कानुनी कार्यान्वयनलाई प्रभावकारी बनाउने प्रतिबद्धता व्यक्त गरिएको छ ।

# वैकल्पिक सडकलाई प्राथमिकता

*जनतापत्र, चौतारा*

मेलम्ची-भोटाङ सडक खण्डको जोखिमपूर्ण अवस्थाका कारण वैकल्पिक मार्गका रूपमा प्रयोग हुँदै आएको रामपुर-भूमेस्थान-काफ्लेखोला सडकको स्तरोन्नति कार्यलाई तीव्रता दिन मेलम्ची नगरपालिकाका नगर प्रमुख आइतमान तामाङले निर्माणस्थलको स्थलगत निरीक्षण गर्नुभएको छ ।

मनसुनका कारण मेलम्ची-भोटाङ सडकमा बारम्बार पहिरो खस्ने, सडक अवरुद्ध हुने तथा यात्रु र सवारीसाधन आवतजावतमा समस्या उत्पन्न भइरहेका बेला वैकल्पिक मार्गको रूपमा रहेको रामपुर-भूमेस्थान-काफ्लेखोला सडकलाई सुरक्षित, व्यवस्थित र सहज बनाउने उद्देश्यले स्तरोन्नतिको काम अघि बढाइएको नगरपालिकाले जनाएको छ ।स्थलगत निरीक्षणका क्रममा नगर प्रमुख तामाङले सडक निर्माणको प्रगति, प्राविधिक मापदण्ड, निर्माण सामग्रीको गुणस्तर, नाली व्यवस्थापन, सडकको चौडाइ तथा जोखिमयुक्त स्थानमा अपनाइएका सुरक्षा उपायबारे जानकारी लिनुभएको थियो । उहाँले निर्माण कार्य कुनै पनि हालतमा गुणस्तरमा सम्झौता नगरी निर्धारित मापदण्डअनुसार सम्पन्न गर्न सम्बन्धित प्राविधिक तथा निर्माण कम्पनीलाई निर्देशन दिनुभयो ।

नगर प्रमुख तामाङले नागरिकको सुरक्षालाई पहिलो प्राथमिकतामा राख्दै निर्माण कार्य समयमै सम्पन्न गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो । उहाँले मनसुनका कारण सडक सञ्जालमा परेको प्रभावलाई मध्यनजर गर्दै वैकल्पिक सडकलाई थप सुरक्षित र भरपर्दो बनाउन नगरपालिका प्रतिबद्ध रहेको बताउनुभयो ।"मेलम्ची-भोटाङ सडकमा पटक-पटक समस्या देखिने भएकाले वैकल्पिक सडकलाई व्यवस्थित बनाउनु अहिलेको आवश्यकता हो," नगर प्रमुख तामाङले भन्नुभयो, "यस सडकको स्तरोन्नतिले स्थानीय बासिन्दा, विद्यार्थी, किसान, व्यवसायी तथा दैनिक यात्रु सबैलाई प्रत्यक्ष लाभ पुग्नेछ ।"निरीक्षणका क्रममा नगर प्रमुखले निर्माणस्थलमा कार्यरत प्राविधिक टोलीसँग कामको प्रगति, बाँकी कार्य, निर्माणमा देखिएका चुनौती तथा समाधानका उपायबारे विस्तृत छलफल गर्नुभएको थियो ।

# इन्द्रावती गाउँपालिकाको स्थानीय विपद् व्यवस्थापन समितिको सातौँ बैठक

*जनतापत्र, इन्द्रावति ।*

इन्द्रावती गाउँपालिकाको स्थानीय विपद् व्यवस्थापन समितिको सातौँ बैठक आज गाउँपालिका उपाध्यक्ष झम्क नेपालको अध्यक्षतामा सम्पन्न भएको छ । बैठकमा मनसुनजन्य विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी, उद्धार तथा राहत व्यवस्थापनलाई प्रभावकारी बनाउने विषयमा विस्तृत छलफल गरिएको छ ।

बैठकमा गाउँपालिकाभित्र निरन्तर वर्षाका कारण बढ्दो बाढी, पहिरो, डुबान तथा सडक अवरोधका घटनाको समीक्षा गर्दै सम्भावित जोखिम न्यूनीकरणका लागि आवश्यक तयारीबारे निर्णय गरिएको छ । विशेषगरी जोखिमयुक्त बस्ती, सडक, पुल, विद्यालय तथा सार्वजनिक संरचनाको अवस्थाबारे सम्बन्धित वडाबाट प्राप्त जानकारीको समीक्षा गरिएको थियो ।

उपाध्यक्ष झम्क नेपालले विपद् व्यवस्थापन सबै निकायको साझा जिम्मेवारी भएको उल्लेख गर्दै सम्भावित विपद्को सामना गर्न पूर्वतयारीलाई अझ प्रभावकारी बनाउनुपर्नेमा जोड दिनुभयो । उहाँले विपद् आउनुअघि नै आवश्यक सामग्री, जनशक्ति र उद्धार संयन्त्रलाई तयारी अवस्थामा राख्न सम्बन्धित निकायलाई निर्देशन दिनुभयो ।

बैठकले प्रत्येक वडामा रहेका स्थानीय विपद् व्यवस्थापन समितिलाई सक्रिय बनाउने, जोखिमयुक्त स्थानको नियमित अनुगमन गर्ने, आवश्यक परे सुरक्षित स्थानमा नागरिकको व्यवस्थापन गर्ने तथा राहत सामग्रीको उपलब्धता सुनिश्चित गर्ने निर्णय गरेको छ । साथै, विपद्का बेला तत्काल उद्धार तथा राहत कार्य सञ्चालन गर्न सुरक्षा निकाय, स्वास्थ्य संस्था, नेपाल रेडक्रस तथा अन्य सरोकारवाला निकायसँग निरन्तर समन्वय गर्ने सहमति पनि भएको छ ।

# जुगल भ्रमण वर्ष-२०८३ सफल बनाउन मन्त्रालयस्तरमा पहल

*जनतापत्र, चौतारा*



जुगल गाउँपालिकाले सञ्चालन गरिरहेको 'जुगल भ्रमण वर्ष-२०८३' लाई प्रभावकारी र सफल बनाउने उद्देश्यका साथ संघीय तथा प्रदेश सरकारका सम्बन्धित मन्त्रालयसँग उच्चस्तरीय छलफललाई तीव्रता दिएको छ । भ्रमण वर्षको अवधिभर स्वदेशी तथा विदेशी हिमाल आरोहीहरूलाई जुगल हिमाल आरोहणका लागि लाग्ने सलामी दस्तुर निःशुल्क गर्ने विषयमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव मुकुन्द निरौलासँग विस्तृत छलफल गरिएको छ ।

साउन २० गते सम्पन्न उक्त भेटघाटमा जुगल गाउँपालिकाको पर्यटन प्रवर्द्धन, हिमाली पर्यटनको सम्भावना तथा भ्रमण वर्षलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा प्रभावकारी रूपमा प्रवर्द्धन गर्ने विषयमा विभिन्न पक्षमा विचार-विमर्श भएको जनाइएको छ । छलफलका क्रममा भ्रमण वर्ष अवधिभर जुगल हिमाल आरोहण गर्ने स्वदेशी तथा विदेशी पर्यटकलाई आकर्षित गर्न सलामी दस्तुर निःशुल्क गर्ने प्रस्तावलाई प्राथमिकताका साथ अघि बढाइएको बताइएको छ ।

जुगल गाउँपालिका प्राकृतिक, धार्मिक तथा साहसिक पर्यटनका दृष्टिले अत्यन्त सम्भावनायुक्त क्षेत्र मानिन्छ । जुगल हिमशृंखला, मनोरम हिमाली दृश्य, जैविक विविधता, मौलिक संस्कृति तथा प्राकृतिक सम्पदाले भरिपूर्ण यस क्षेत्रलाई अन्तर्राष्ट्रिय पर्यटन गन्तव्यका रूपमा विकास गर्ने लक्ष्यसहित गाउँपालिकाले भ्रमण वर्ष घोषणा गरेको हो । स्थानीय सरकारले भ्रमण वर्षमार्फत पर्यटन प्रवर्द्धन, स्थानीय रोजगारी सिर्जना, व्यवसाय विस्तार तथा आर्थिक गतिविधि बढाउने अपेक्षा राखेको छ ।

छलफलमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव मुकुन्द निरौलाले जुगल क्षेत्रको पर्यटन विकासका सम्भावनालाई सकारात्मक रूपमा लिँदै पर्यटन प्रवर्द्धनका लागि आवश्यक सहकार्य र समन्वयमा मन्त्रालय सकारात्मक रहेको जनाइएको छ । हिमाल आरोहण सलामी दस्तुर निःशुल्क गर्ने प्रस्तावले आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गर्न महत्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गरिएको बताइएको छ ।

यसैगरी, भ्रमण वर्ष सफल बनाउन बागमती प्रदेश सरकारको भूमिका र प्रदेशस्तरबाट प्रदान गर्न सकिने सहयोगका विषयमा बागमती प्रदेश सरकारको पर्यटन मन्त्रालयका सचिव दीपेन्द्र सुवेदीसँग पनि छुट्टै भेटघाट तथा छलफल गरिएको छ । उक्त छलफलमा भ्रमण वर्षका कार्यक्रम, पूर्वाधार विकास, पर्यटन प्रवर्द्धन, प्रचार-प्रसार, बजेट व्यवस्थापन तथा प्रदेश सरकारको सहकार्यका सम्भावित क्षेत्रबारे विस्तृत रूपमा विचार आदान-प्रदान भएको जनाइएको छ ।

भेटघाटका क्रममा प्रदेश पर्यटन मन्त्रालयबाट भ्रमण वर्षलाई प्रभावकारी बनाउन आवश्यक समन्वय, प्रचार-प्रसार तथा पर्यटनसँग सम्बन्धित योजनामा सहकार्य गर्ने विषयमा सकारात्मक धारणा व्यक्त भएको बताइएको छ । स्थानीय तह, प्रदेश सरकार र संघीय सरकारबीचको सहकार्यबाट जुगललाई नेपालको प्रमुख हिमाली पर्यटन गन्तव्यका रूपमा स्थापित गर्न सकिने विश्वास सहभागीहरूले व्यक्त गरेका छन् ।

जुगल भ्रमण वर्ष-२०८३ अन्तर्गत गाउँपालिकाले वर्षभर विभिन्न पर्यटन प्रवर्द्धन कार्यक्रम, सांस्कृतिक महोत्सव, पदयात्रा, हिमाल आरोहण, स्थानीय कला-संस्कृतिको प्रदर्शन तथा पर्यटकीय गन्तव्यहरूको प्रचार-प्रसार गर्ने योजना अघि सारेको छ । भ्रमण वर्षले स्थानीय होटल, होमस्टे, यातायात, कृषि उत्पादन तथा हस्तकलालगायतका व्यवसायलाई प्रत्यक्ष लाभ पुग्ने अपेक्षा गरिएको छ ।

स्थानीय जनप्रतिनिधिहरूले जुगल क्षेत्रको पर्यटन विकासका लागि संघ, प्रदेश र स्थानीय सरकारबीचको सहकार्य अपरिहार्य रहेको बताएका छन् । उनीहरूका अनुसार हिमाल आरोहण सलामी दस्तुर निःशुल्क गर्ने निर्णय कार्यान्वयनमा आएमा विदेशी तथा स्वदेशी आरोहीहरूको आकर्षण बढ्ने मात्र होइन, जुगल क्षेत्रको अन्तर्राष्ट्रिय पहिचान स्थापित गर्न समेत महत्वपूर्ण आधार तयार हुनेछ ।

जुगल गाउँपालिकाले भ्रमण वर्षलाई केवल औपचारिक कार्यक्रमका रूपमा नभई दीर्घकालीन पर्यटन विकास अभियानका रूपमा अघि बढाएको जनाएको छ । त्यसका लागि आवश्यक नीति, पूर्वाधार, प्रचार-प्रसार र सरकारी समन्वयलाई प्राथमिकतामा राखेर निरन्तर पहल भइरहेको गाउँपालिकाको भनाइ छ ।

पर्यटन क्षेत्रका सरोकारवालाले पनि जुगल भ्रमण वर्ष-२०८३ सफल कार्यान्वयनका लागि संघीय तथा प्रदेश सरकारबाट आवश्यक सहयोग, नीतिगत सहजीकरण र लगानीको अपेक्षा गरेका छन् । हिमाली पर्यटनको अथाह सम्भावना बोकेको जुगल क्षेत्रलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यटन बजारमा स्थापित गर्न यस्ता पहलहरू प्रभावकारी हुने विश्वास गरिएको छ ।


## हेलम्बु गाँउपालिकाका अनुरोध

गाँउको समग्र विकास, सुशासन, स्वास्थ्य तथा सुरक्षित समाज निर्माणका लागि देहायका विषयमा सबै गाँउवासीहरूलाई हार्दिक अनुरोध गर्दछौँः

- जन्म, मृत्यु, विवाह, बसाइँसराइ, सम्बन्ध विच्छेदलगायतका व्यक्तिगत घटना घटना घटेको ३५ दिनभित्र वडा कार्यालयमा अनिवार्य दर्ता गरौँ/गराऔँ ।
- कानुनी पहिचान र राज्यबाट प्राप्त हुने सेवाबाट वञ्चित नहुन घटना दर्ता समयमै गरौँ ।
- खाना र पानी शुद्ध बनाएर प्रयोग गरौँ ,ताजा र पोषणयुक्त खाना खाने बानी बसालौँ ।
- घर, कोठा र वरपरको वातावरण सफा राखौँ,नियमित रूपमा हात धुने र व्यक्तिगत सरसफाइमा ध्यान दिऔँ।
- बालबालिका र वृद्धवृद्धालाई विशेष स्वास्थ्य ध्यान दिऔँ।
- खोप कार्यक्रम पूरा गरौँ र नियमित स्वास्थ्य जाँच गराऔँ ।
- गर्भवती महिला तथा सुत्केरी आमाको नियमित स्वास्थ्य परीक्षण गराऔँ।
- घरेलु हिंसा, लैगिंक हिंसा र मानसिक उत्पीडन अन्त्य गर्न सबै सचेत बनौँ।
- बालविवाह, छुवाछुत, अन्धविश्वास र नशा दुर्व्यसनजस्ता सामाजिक कुरीतिहरू हटाउन सामूहिक प्रयास गरौँ।
- बालबालिकालाई विद्यालय पठाऔँ र बालश्रम पूर्ण रूपमा रोकौँ।
- बालमैत्री वातावरण निर्माण गरी बालअधिकारको संरक्षण गरौँ।
- कृषिको व्यवसायीकरण गर्दै किसानलाई सम्मान गरौँ।
- उत्पादनशील तथा आर्थिक रूपमा लाभदायी कृषि वस्तु उत्पादनमा जोड दिऔँ।
- आत्मनिर्भर नगरपालिका निर्माणमा सबैको सहकार्य सुनिश्चित गरौँ।
- सामाजिक उपक्रम र स्थानीय उद्यम प्रवर्द्धन गरौँ।
- विकास निर्माणका योजनाहरू दीर्घकालीन, गुणस्तरीय र सुरक्षित बनाऔँ।
- निर्माण सम्पन्न योजनाको संरक्षण, सुरक्षा र अपनत्व ग्रहण गरौँ।
- पालिका तथा वडा कार्यालयबाट हुने सेवा प्रवाहबारे जानकारी लिऔँ।
- सेवा सम्बन्धी गुनासो वा सुझाव भएमा नगर/वडामा पेश गरौँ।
- आमा समूह, युवा क्लब तथा समुदायका संघसंस्थाको सक्रिय सहभागिता बढाऔँ।
- शिक्षा र भौतिक पूर्वाधारमार्फत समुदायलाई सशक्त बनाऔँ।

**हेलम्बु गाँउपालिका**
**गाँउपालिकाको कार्यालय,**
**सिन्धुपाल्चोक**


## भैसीं..

प्रणालीबारे पनि आवश्यक प्राविधिक परामर्श उपलब्ध गराउने तयारी गरेको जनाएको छ । यसबाट किसानले वैज्ञानिक तरिकाले पशुपालन गर्न सक्ने र उत्पादन तथा उत्पादकत्वमा वृद्धि हुने अपेक्षा गरिएको छ ।

स्थानीय किसानहरूले पनि वडाले ल्याएको अनुदान कार्यक्रमलाई सकारात्मक रूपमा लिएका छन् । उनीहरूका अनुसार उन्नत जातको भैंसी खरिदमा आधा लागत अनुदान तथा ढुवानी खर्चमा समेत सहयोग उपलब्ध हुनु किसानका लागि ठूलो राहत हो । यसले नयाँ किसानलाई पशुपालन व्यवसायमा आकर्षित गर्ने र पुराना किसानलाई व्यवसाय विस्तार गर्न हौसला मिल्ने विश्वास व्यक्त गरिएको छ ।दुध उत्पादनलाई आयआर्जनको भरपर्दो माध्यमका रूपमा विकास गर्ने लक्ष्यसहित वडा कार्यालयले विभिन्न कृषि तथा पशुपालन कार्यक्रम सञ्चालन गर्दै आएको छ । यसअघि पनि उन्नत बीउबिजन, घाँसका बिरुवा, कृषि सामग्री वितरण तथा प्राविधिक सेवा उपलब्ध गराउँदै आएको वडा कार्यालयले अब पशुपालनलाई थप व्यवस्थित र व्यावसायिक बनाउने योजनामा जोड दिएको छ ।वडा अध्यक्ष गिरीले किसानलाई अनुदानका लागि आवश्यक सबै प्रक्रिया समयमै पूरा गर्न, पशुपालनलाई व्यवसायका रूपमा विकास गर्न तथा घाँस साईलेजको व्यवस्थापन अहिले नै सुरु गर्न आग्रह गरेका छन् ।

# सिन्धुलीको फिक्कलमा गाडी दुर्घटना :
## जुगल गाउँपालिका अध्यक्षद्वारा सकुशल उद्धारको कामना

*जनतापत्र, चौतारा*

सिन्धुली जिल्लाको फिक्कल गाउँपालिका क्षेत्रमा भएको सवारी दुर्घटनामा जुगल गाउँपालिका-७ का पूर्व वडाध्यक्ष तथा युवा नेता दिलकुमार लामा लगायत तीन जना सवार गाडी सुनकोशी नदीमा बेपत्ता भएको घटनाले जुगल गाउँपालिका मात्र नभई समग्र सिन्धुपाल्चोक जिल्लालाई स्तब्ध बनाएको छ।

दुर्घटनाको खबर सार्वजनिक भएसँगै स्थानीयवासी, जनप्रतिनिधि, राजनीतिक दल, सामाजिक अभियन्ता तथा सर्वसाधारणले गहिरो दुःख व्यक्त गर्दै बेपत्ता व्यक्तिहरूको सकुशल उद्धारको कामना गरिरहेका छन्। विशेषगरी जुगल गाउँपालिका-७ का पूर्व वडाध्यक्ष तथा समाजसेवामा सक्रिय दिलकुमार लामाको बेपत्ताले स्थानीय समुदायमा चिन्ता र शोकको वातावरण सिर्जना भएको छ।

यसैबीच जुगल गाउँपालिकाका अध्यक्षले एक शोक वक्तव्य जारी गर्दै दुर्घटनाप्रति गहिरो दुःख व्यक्त गरेका छन्। अध्यक्षले पूर्व वडाध्यक्ष तथा युवा नेता दिलकुमार लामा लगायत सम्पूर्ण बेपत्ता व्यक्तिहरू जीवित अवस्थामा सकुशल फेला परून् भन्ने कामना व्यक्त गरेका छन्।

वक्तव्यमा अध्यक्षले भनेका छन्, "सिन्धुलीको फिक्कल गाउँपालिका क्षेत्रमा भएको सवारी दुर्घटनामा जुगल गाउँपालिका-७ का पूर्व वडाध्यक्ष तथा युवा नेता दिलकुमार लामा लगायत तीन जना सुनकोशी नदीमा बेपत्ता भएको खबरले सम्पूर्ण जुगल गाउँपालिका परिवार र समग्र सिन्धुपाल्चोकवासीलाई अत्यन्त दुःखी बनाएको छ। बेपत्ता सबै व्यक्तिहरू सकुशल जीवित अवस्थामा फेला परून् भन्ने हार्दिक कामना गर्दछु।"अध्यक्षले दुर्घटनापछि घटनास्थलमा खटिएका नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, स्थानीय प्रशासन, उद्धारकर्मी तथा अन्य सम्बन्धित निकायको प्रयासको प्रशंसा गर्दै उद्धार अभियानलाई अझ प्रभावकारी र तीव्र बनाउन आग्रह गरेका छन्। नदीमा बेपत्ता भएकाहरूको खोजी चुनौतीपूर्ण भए पनि उपलब्ध सबै स्रोत-साधन परिचालन गरी खोज तथा उद्धारलाई निरन्तरता दिनुपर्ने आवश्यकता औंल्याएका छन्।

उनले जारी गरेको सन्देशमा, "उद्धार कार्यमा खटिनु भएका सम्पूर्ण सुरक्षा निकाय, स्थानीय प्रशासन तथा उद्धारकर्मीहरूलाई खोज तथा उद्धार कार्य अझ तीव्रताका साथ अगाडि बढाइदिन हार्दिक अनुरोध गर्दछु," उल्लेख गरिएको छ।

साथै अध्यक्षले यस कठिन घडीमा बेपत्ता व्यक्तिका परिवारजनप्रति गहिरो समवेदना व्यक्त गर्दै सबैलाई धैर्य धारण गर्न आग्रह गरेका छन्। उनले सकुशल उद्धार हुने आशा अझै कायम रहेको उल्लेख गर्दै सम्बन्धित निकायले उद्धार कार्यमा कुनै कमी हुन नदिनुपर्ने धारणा राखेका छन्।

दुर्घटनाको खबर फैलिएसँगै सामाजिक सञ्जालमा समेत बेपत्ता व्यक्तिहरूको सकुशल उद्धारको कामना गर्दै सयौं सन्देशहरू सार्वजनिक भइरहेका छन्। स्थानीयवासीले पनि सम्बन्धित निकायसँग खोज तथा उद्धार कार्यलाई थप प्रभावकारी बनाउन आग्रह गरिरहेका छन्। सुनकोशी नदीको तीव्र बहाव र भौगोलिक कठिनाइका कारण उद्धार कार्य चुनौतीपूर्ण बने पनि सुरक्षा निकायले निरन्तर खोजी जारी राखेको जनाइएको छ।

पूर्व वडाध्यक्ष दिलकुमार लामा स्थानीय तहको नेतृत्वसँगै सामाजिक तथा विकास निर्माणका गतिविधिमा सक्रिय व्यक्तित्वका रूपमा परिचित थिए। उनको बेपत्ताको खबरले जुगल गाउँपालिकामा विशेष चिन्ताको अवस्था सिर्जना भएको छ। स्थानीय बासिन्दाले उनीसहित सबै बेपत्ता व्यक्तिहरू सकुशल फेला पर्ने विश्वास व्यक्त गर्दै निरन्तर प्रार्थना गरिरहेका छन्।दुर्घटनासम्बन्धी थप विवरण र बेपत्ता व्यक्तिहरूको अवस्थाबारे आधिकारिक जानकारी आउन बाँकी रहेको छ। सुरक्षा निकायले घटनास्थलमा खोज तथा उद्धार अभियानलाई निरन्तरता दिएको जनाएको छ।

जुगल गाउँपालिकाका अध्यक्षले अन्त्यमा सबै नागरिकलाई अफवाहमा विश्वास नगरी आधिकारिक स्रोतबाट आउने जानकारीलाई मात्र आधार बनाउन आग्रह गर्दै बेपत्ता व्यक्तिहरूको सकुशल उद्धारका लागि सबैले प्रार्थना गर्न अनुरोध गरेका छन्।

# महिला मैत्री समाज चौताराको उदाहरणीय अभियान

*जनतापत्र, चौतारा*

सिन्धुपाल्चोक जिल्लाको सदरमुकाम चौतारामा क्रियाशील महिला मैत्री समाज चौताराले हरेक शनिबारलाई 'सफाइ बार' का रूपमा मनाउँदै समुदायमा सरसफाइ, वातावरण संरक्षण र सामाजिक उत्तरदायित्वको सशक्त सन्देश फैलाइरहेको छ। समाजले निरन्तर सञ्चालन गर्दै आएको यस अभियानले स्थानीयवासीमा स्वच्छ वातावरणप्रतिको चेतना अभिवृद्धि गर्नुका साथै सार्वजनिक सम्पत्तिको संरक्षण र स्वयंसेवाको संस्कृतिलाई समेत मजबुत बनाएको छ।

समाजले आफ्नो स्थापनाकालदेखि नै चौतारा बजार, मठमन्दिर, धार्मिक स्थल, सार्वजनिक चौतारी, सडक किनार तथा विभिन्न सामुदायिक क्षेत्रहरूमा नियमित सरसफाइ कार्यक्रम सञ्चालन गर्दै आएको छ। हरेक शनिबार सदस्यहरू स्वयं उपस्थित भई विभिन्न स्थानमा सरसफाइ गर्ने अभियानले अहिले चौतारामा सकारात्मक सामाजिक अभ्यासका रूपमा पहिचान बनाएको छ।

यसै अभियानलाई निरन्तरता दिँदै शनिबार चौतारा पुरानो बजारस्थित ऐतिहासिक तथा धार्मिक महत्व बोकेको नारायणस्थान परिसरमा वृहत् सरसफाइ कार्यक्रम सम्पन्न गरिएको छ। कार्यक्रममा महिला मैत्री समाजका पदाधिकारी, सदस्यहरू, स्थानीयवासी तथा विभिन्न क्षेत्रका सरोकारवालाको सक्रिय सहभागिता रहेको थियो। सहभागीहरूले मन्दिर परिसर, सडक किनार, सार्वजनिक स्थल तथा वरपरका क्षेत्रमा जम्मा भएका फोहोर संकलन गर्नुका साथै वातावरण सफा राख्न स्थानीयलाई सचेतसमेत गराएका थिए।

कार्यक्रममा चौतारा साँगाचोकगढी नगरपालिकाकी उपप्रमुख सीता थापाको विशेष सहभागिता रहेको थियो। उहाँले महिला मैत्री समाजले निरन्तर सञ्चालन गरिरहेको सरसफाइ अभियानको प्रशंसा गर्दै यस्ता सामाजिक अभियानले नगरलाई स्वच्छ र सुन्दर बनाउन महत्वपूर्ण योगदान पुऱ्याइरहेको बताउनुभयो।

उपप्रमुख थापाले स्वच्छ वातावरण निर्माण सरकारी निकायको मात्र दायित्व नभई सम्पूर्ण नागरिकको साझा जिम्मेवारी भएको उल्लेख गर्दै समुदायको सक्रिय सहभागिताबिना दिगो सरसफाइ सम्भव नहुने धारणा व्यक्त गर्नुभयो। उहाँले महिला मैत्री समाजले देखाएको सक्रियता अन्य संघसंस्था तथा समुदायका लागि पनि अनुकरणीय रहेको बताउँदै यस्ता अभियानलाई निरन्तरता दिन नगरपालिकाले आवश्यक सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

महिला मैत्री समाजका पदाधिकारीहरूले सरसफाइ केवल एकदिने कार्यक्रम नभई जीवनशैली बन्नुपर्नेमा जोड दिएका छन्। सार्वजनिक स्थल सफा राख्ने, फोहोर जथाभावी नफाल्ने, प्लास्टिकजन्य प्रदूषण न्यूनीकरण गर्ने र समुदायमा स्वच्छताको संस्कार विकास गर्ने उद्देश्यका साथ प्रत्येक शनिबार अभियान सञ्चालन भइरहेको उनीहरूको भनाइ छ।

समाजका अनुसार सरसफाइ अभियानसँगै वातावरण संरक्षण, सामाजिक एकता, नागरिक सचेतना तथा स्वयंसेवी भावनाको विकास गर्ने लक्ष्य पनि राखिएको छ। अभियानमा विभिन्न उमेर समूहका महिलाको उल्लेखनीय सहभागिताले महिलाहरू सामाजिक परिवर्तनका प्रभावकारी संवाहक हुन सक्ने सन्देशसमेत दिएको छ।

# थाङ्पालकोट स्वास्थ्य..

विभिन्न वर्गका व्यक्तिहरूको सहभागिता रहेको थियो। कार्यक्रमको उद्देश्य स्तनपानको महत्वबारे समुदायमा सचेतना अभिवृद्धि गर्नुका साथै आमा र शिशुको स्वास्थ्य संरक्षणमा स्तनपानको भूमिकाबारे जानकारी गराउनु रहेको आयोजकले जनाएको छ।कार्यक्रममा स्वास्थ्यकर्मीहरूले नवजात शिशुलाई जन्मेको पहिलो एक घण्टाभित्र आमाको दूध चुसाउन सुरु गर्नुपर्ने, पहिलो छ महिनासम्म आमाको दूध मात्र खुवाउनुपर्ने तथा त्यसपछि दुई वर्ष वा सोभन्दा बढी समयसम्म पूरक आहारसँगै स्तनपानलाई निरन्तरता दिनुपर्ने विषयमा विस्तृत जानकारी दिएका थिए। आमाको दूध नै शिशुको पहिलो खोप भएको उल्लेख गर्दै यसले शिशुलाई विभिन्न संक्रमण तथा कुपोषणबाट जोगाउन महत्वपूर्ण भूमिका खेल्ने उनीहरूको भनाइ थियो।स्वास्थ्यकर्मीहरूले प्रभावकारी स्तनपानले शिशुको शारीरिक, मानसिक तथा बौद्धिक विकासमा सकारात्मक प्रभाव पार्ने मात्र नभई आमाको स्वास्थ्यमा समेत लाभ पुग्ने बताए। नियमित स्तनपान गराउँदा सुत्केरी आमामा अत्यधिक रक्तस्रावको जोखिम कम हुने, केही प्रकारका क्यान्सरको सम्भावना घट्ने तथा आमा-शिशुबीचको भावनात्मक सम्बन्ध अझ सुदृढ हुने जानकारी सहभागीलाई दिइएको थियो। कार्यक्रमका वक्ताहरूले समाजमा अझै पनि स्तनपानसम्बन्धी विभिन्न भ्रम र गलत धारणाहरू रहेको उल्लेख गर्दै यस्ता भ्रम हटाउन परिवार, समुदाय तथा स्वास्थ्यकर्मीको सक्रिय भूमिका आवश्यक रहेको बताए।

# कृषि रूपान्तरणका...

जीवित माटो जोगाउने राष्ट्रिय अभियान चाहिएको छ। यो कुनै एक दल वा व्यक्तिको नभई भावी पुस्ताप्रतिको साझा दायित्व हो। संस्था र सरकार फेरिए पनि माटोको मूल्य बदलिँदैन, किनकि उर्वर माटो नै समृद्धिको आधार हो।

मानव इतिहासले माटो कमजोर भएपछि सभ्यताहरू पनि कमजोर भएको पाठ सिकाएको छ। नेपाल आज बढ्दो जनसंख्या, जलवायु परिवर्तन र श्रमशक्तिको अभावजस्ता चुनौतीका साथै जैविक विविधता र दिगो विकासका अपार सम्भावनाको दोसाँधमा उभिएको छ। अब अर्गानिकलाई बजारको ब्रान्ड मात्र नभई माटो स्वास्थ्य, वातावरण संरक्षण र भावी पुस्ताको अधिकारसँग जोडिएको राष्ट्रिय दायित्वका रूपमा बुझ्नुपर्छ।

हामीले माटोबाट धेरै लिएका छौँ, अब फिर्ता दिनुपर्छ। जैविक पदार्थ जोगाउने, अनुसन्धानलाई खेतसम्म पुऱ्याउने र विज्ञानलाई व्यवहारसँग जोड्ने बाटोले मात्र उत्पादन र संरक्षणबीच सन्तुलन कायम गर्न सक्छ। आज माटोको स्वास्थ्य बेवास्ता गरे भोलि क्षतिपूर्ति गर्न सकिँदैन।

त्यसैले, 'हामी अर्गानिक खेती गर्छौं कि गर्दैनौं ?' भन्दा पनि 'हामी कस्तो माटो आफ्ना सन्ततिलाई हस्तान्तरण गर्दै छौं ?' भन्ने प्रश्न महत्वपूर्ण हो। त्यसैले फेरी पनि स्मरण गरौं, 'जैविक खेती, दीर्घ जीवनको ओखती। माटो हाम्रो सम्पत्ति होइन, सन्ततिका लागि बोकिएको उत्तरदायित्व हो। त्यसैले माटोको रक्षा गर्नु कृषि मात्र होइन, राष्ट्रधर्म पनि हो।'

(गौतम जैविक कृषि अनुसन्धान र नवप्रवर्तनमा सक्रिय छन्)

(सौय अन्लाइनवाट साभार)

# खाना पकाउने एलपी ग्यासको बिक्री-वितरणमा कालोबजारी

*जनतापत्र, चौतारा*

जिल्लामा खाना पकाउने एलपी ग्यासको बिक्री-वितरणमा कालोबजारी तथा कृत्रिम अभाव सिर्जना गरिएको भन्ने उपभोक्ताको गुनासोपछि संयुक्त बजार अनुगमन टोलीले बलेफी गाउँपालिकास्थित बलेफी र कोठे बजारमा अनुगमन गरेको छ। अनुगमनका क्रममा ९ वटा खाद्यान्न तथा ग्यास बिक्री-वितरण गर्ने व्यवसायिक फर्महरूको निरीक्षण गरिएको थियो।

अनुगमन टोलीले ग्यासको मौज्दात, बिक्री-वितरण प्रक्रिया, मूल्य सूची, अभिलेख तथा उपभोक्तालाई उपलब्ध गराइँदै आएको सेवाको अवस्थाबारे स्थलगत अध्ययन गरेको थियो। अनुगमनका क्रममा बजारमा ग्यासको सहज आपूर्ति भइरहेको पाइएको र कृत्रिम अभाव सिर्जना गरेर कालोबजारी गरिएको प्रमाण फेला नपरेको टोलीले जनाएको छ।

व्यवसायीहरूले भने पछिल्लो समय आपूर्तिकर्ताबाट एकैपटक पर्याप्त परिमाणमा ग्यास प्राप्त हुन नसकेको जानकारी दिएका छन्। उनीहरूका अनुसार ग्यास नियमित रूपमा आइरहे पनि परिमाण सीमित भएकाले धेरै स्टक राख्न चाहने व्यवसायीहरूको माग पूरा गर्न कठिनाइ भइरहेको छ। यही कारण कतिपय उपभोक्ताले आवश्यक परिमाणमा ग्यास तत्काल प्राप्त गर्न नसकेको अवस्था देखिएको उनीहरूको भनाइ थियो।

अनुगमन टोलीले व्यवसायीहरूलाई उपभोक्तामैत्री सेवा प्रवाह गर्न, सरकारले तोकेको मूल्यभन्दा बढी रकम नलिन, कृत्रिम अभाव सिर्जना नगर्न तथा पारदर्शी रूपमा कारोबार सञ्चालन गर्न निर्देशन दिएको छ। साथै, व्यवसाय सञ्चालन गर्दा आवश्यक कानुनी प्रक्रिया, मूल्यसूची, खरिद-बिक्री अभिलेख तथा बिल-भर्पाई व्यवस्थित राख्न पनि सुझाव दिइएको छ।

टोलीले बजार अनुगमनको मुख्य उद्देश्य व्यवसायीलाई दुःख दिने नभई उपभोक्ताको हक-अधिकारको संरक्षण गर्नु, स्वस्थ बजार प्रणाली कायम गर्नु तथा कालोबजारी, कृत्रिम अभाव र अनुचित व्यापारिक क्रियाकलाप नियन्त्रण गर्नु रहेको स्पष्ट पारेको छ। बजारमा आवश्यक उपभोग्य वस्तुको सहज उपलब्धता कायम राख्न यस्ता अनुगमनलाई आगामी दिनमा पनि निरन्तरता दिइने जनाइएको छ।

स्थानीय उपभोक्ताले पनि बजारमा नियमित अनुगमन हुँदा व्यवसायीहरू थप जिम्मेवार बन्ने र उपभोक्ताले सहज तथा उचित मूल्यमा सेवा प्राप्त गर्ने विश्वास व्यक्त गरेका छन्। उनीहरूले बजारमा कुनै किसिमको अनियमितता, कृत्रिम अभाव वा तोकिएको मूल्यभन्दा बढी रकम असुल गरिएको पाइए सम्बन्धित निकायमा तत्काल जानकारी गराउन समेत आग्रह गरेका छन्।

संयुक्त बजार अनुगमनमा सहभागी सम्बन्धित सरकारी कार्यालयका प्रतिनिधि, स्थानीय तह, सुरक्षा निकाय तथा अन्य सरोकारवाला निकायका प्रतिनिधिहरूले बजार व्यवस्थापनलाई थप प्रभावकारी बनाउन आवश्यक समन्वय र सहकार्यलाई निरन्तरता दिने प्रतिबद्धता जनाएका छन्।

अनुगमन कार्य सफलतापूर्वक सम्पन्न गर्न सहयोग पुर्‍याउने सम्पूर्ण अनुगमन टोली, स्थानीय जनप्रतिनिधि, व्यवसायी, सुरक्षाकर्मी तथा प्रत्यक्ष-अप्रत्यक्ष रूपमा सहयोग गर्ने सबैप्रति आयोजक पक्षले धन्यवाद व्यक्त गरेको छ।


## इलेक्ट्रिक चुरोट (भेप) को प्रयोग नगरौं

*इलेक्ट्रिक चुरोट सुरक्षित विकल्प हो भन्ने भ्रमबाट बचौं,*
*निकोटिनयुक्त पदार्थले स्वास्थ्यमा पार्ने*
*असरबारे सचेत बनौं,*
*बालबालिका तथा युवालाई इलेक्ट्रिक चुरोटको*
*आकर्षणबाट जोगाऔं,*
*धूम्रपान तथा निकोटिनजन्य पदार्थको*
*प्रयोगबाट टाढा रहौं,*
*इलेक्ट्रिक चुरोटको प्रयोग र लतबाट बचौं,*
*परिवार र समाजमा धूम्रपानमुक्त वातावरण निर्माण गरौं।*

**स्वस्थ जीवनशैली र सकारात्मक बानीको विकास गरौं।**

नेपाल सरकार
विज्ञापन बोर्ड


# रास्वपा सिन्धुपाल्चोकको प्रथम जिल्ला अधिवेशन सभापतिमा माया गुरुङ निर्वाचित

*जनतापत्र, चौतारा*

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सिन्धुपाल्चोकको प्रथम जिल्ला अधिवेशनबाट माया गुरुङ जिल्ला सभापतिमा निर्वाचित हुनुभएको छ। चौतारास्थित आहालडाँडामा सम्पन्न अधिवेशन अन्तर्गत भएको निर्वाचनमा गुरुङले अत्यधिक मतसहित विजय हासिल गर्दै पार्टीको जिल्ला नेतृत्व सम्हाल्ने जिम्मेवारी प्राप्त गर्नुभएको हो।

निर्वाचन समितिका अनुसार सभापति पदमा माया गुरुङले १४९ मत प्राप्त गरी विजयी हुनुभएको हो। उहाँका निकटतम प्रतिद्वन्द्वी कमला खड्काले ६१ मत प्राप्त गर्नुभयो। त्यस्तै सभापतिका अन्य उम्मेदवार कुमार श्रेष्ठले २०, पासाङ तामाङले १३ तथा दिलराम श्रेष्ठले २ मत प्राप्त गर्नुभएको निर्वाचन समितिले जनाएको छ। प्राप्त मत परिणामले गुरुङप्रति जिल्ला प्रतिनिधिहरूको उल्लेखनीय विश्वास रहेको देखाएको छ।

यसैगरी जिल्ला उपसभापति पदमा सरोजा श्रेष्ठ निर्वाचित हुनुभएको छ। उहाँले १२३ मत प्राप्त गर्दै विजय हासिल गर्नुभएको हो। उपसभापतिका अन्य उम्मेदवारमध्ये निमा याङ्छेन लामाले ६५ मत र मुके शेर्पाले ४७ मत प्राप्त गर्नुभएको थियो। उपसभापति पदको प्रतिस्पर्धा पनि निकै चासोका साथ हेरिएको थियो।

जिल्ला सहसचिव पदमा बिदुर खड्का निर्वाचित हुनुभएको छ। त्यस्तै जिल्ला सदस्यहरूमा गोकर्णविक्रम सिलवाल, पास तेम्बा शेर्पा, नन्दलाल श्रेष्ठ, नमराज भट्टराई तथा प्रदीप सिलवाल विजयी हुनुभएको निर्वाचन समितिले जनाएको छ। निर्वाचित पदाधिकारी तथा सदस्यहरूले आगामी कार्यकालमा पार्टी संगठनलाई सुदृढ बनाउँदै जनतासँगको सम्बन्ध अझ मजबुत बनाउने अपेक्षा गरिएको छ।

अधिवेशनबाट पार्टीका क्षेत्रीय नेतृत्वसमेत चयन गरिएको छ। क्षेत्र नम्बर १ को सभापतिमा उत्तम ठकुरी निर्वाचित हुनुभएको छ भने उपसभापतिमा सिताराम शर्मा र फुर्तेम्बा शेर्पा निर्वाचित हुनुभएको छ। त्यसैगरी क्षेत्र नम्बर २ को सभापतिमा प्रल्हाद आर्याल र उपसभापतिमा नकुल आचार्य विजयी हुनुभएको छ। क्षेत्रीय नेतृत्व चयनसँगै जिल्लाका दुवै निर्वाचन क्षेत्रमा संगठन विस्तार र सुदृढीकरणको आधार तयार भएको पार्टीका कार्यकर्ताहरूले बताएका छन्।

रास्वपाको जिल्ला अधिवेशनमा जिल्लाभरका प्रतिनिधि, नेता तथा कार्यकर्ताहरूको उल्लेखनीय सहभागिता रहेको थियो। निर्वाचन प्रक्रिया शान्तिपूर्ण, व्यवस्थित र लोकतान्त्रिक ढंगले सम्पन्न भएको निर्वाचन समितिले जनाएको छ। मतदानपछि मतगणना सम्पन्न गरी परिणाम सार्वजनिक गरिएको थियो।

निर्वाचित भएपछि सभापति माया गुरुङले आफूलाई विश्वास गरेर नेतृत्वको जिम्मेवारी दिएकोमा सम्पूर्ण प्रतिनिधि तथा कार्यकर्ताप्रति आभार व्यक्त गर्नुभयो। उहाँले पार्टीलाई जिल्लाको प्रत्येक वडा र पालिकासम्म प्रभावकारी रूपमा विस्तार गर्ने, संगठनलाई थप सशक्त बनाउने तथा जनताका आवाजलाई प्राथमिकताका साथ उठाउने प्रतिबद्धता व्यक्त गर्नुभयो। साथै सबै उम्मेदवार र कार्यकर्तालाई एकताबद्ध भएर पार्टीको लक्ष्य प्राप्तिका लागि सहकार्य गर्न आग्रह गर्नुभयो।

अधिवेशनमा सहभागी नेताहरूले पनि नयाँ नेतृत्वलाई बधाई दिँदै संगठन विस्तार, सुशासन, पारदर्शिता र जनउत्तरदायी राजनीतिक अभ्यासलाई प्राथमिकतामा राखेर अघि बढ्न सुझाव दिएका छन्। उनीहरूले जिल्ला तहमा रास्वपाको संगठनलाई थप मजबुत बनाउँदै आगामी निर्वाचन र राजनीतिक अभियानहरूलाई प्रभावकारी बनाउन नयाँ नेतृत्वले महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरेका छन्।

रास्वपा सिन्धुपाल्चोकको प्रथम जिल्ला अधिवेशनबाट नयाँ नेतृत्व चयन भएसँगै जिल्लामा पार्टीको संगठनात्मक गतिविधिले थप गति लिने अपेक्षा गरिएको छ। नयाँ नेतृत्वले पार्टीको नीति, सिद्धान्त र जनमुखी एजेन्डालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै जिल्लावासीसँग प्रत्यक्ष सम्बन्ध विस्तार गर्ने तथा स्थानीय तहका जनसरोकारका विषयलाई प्राथमिकताका साथ उठाउने प्रतिबद्धता जनाएको छ।

# जुगलकी पेमा दोङलाई पुनः विद्यालय फर्काइयो

*जनतापत्र, जुगल*

सिन्धुपाल्चोकको जुगल गाउँपालिका-२, लिदी निवासी पेमा दोङ आर्थिक अभाव, पारिवारिक समस्याका साथै स्वास्थ्य अवस्थाका कारण कक्षा ९ मै अध्ययन छोड्न बाध्य भएकी थिइन्। परिवारको कमजोर आर्थिक अवस्थाले उनको शैक्षिक यात्रा रोकिएको मात्र होइन, सानै उमेरमा वैदेशिक रोजगारीमा जाने तयारीसमेत भइरहेको जानकारी पाएपछि सामाजिक संस्था दयाको हातहरू नेपालले उनको भविष्य सुरक्षित र उज्ज्वल बनाउन आवश्यक सहयोगको पहल गरेको छ।

संस्थाले पेमा दोङलाई पुनः विद्यालयमा भर्ना गराई कक्षा १२ सम्मको अध्ययनका लागि आवश्यक शैक्षिक सहयोग गर्ने प्रतिबद्धता जनाएको छ। साथै, उनका भाइबहिनीहरूको पढाइ पनि निरन्तर रहोस् भन्ने उद्देश्यले उनीहरूको शैक्षिक खर्चमा समेत सहयोग गर्ने निर्णय गरिएको छ।

संस्थाले शिक्षा मात्र नभई परिवारको दीर्घकालीन आर्थिक अवस्था सुधार गर्न आयआर्जनमूलक कार्यक्रमसमेत अघि बढाएको छ।

यसअन्तर्गत दोङ परिवारलाई बाख्रापालन व्यवसाय सञ्चालन गर्न ११ वटा बाख्रा वितरण गरिएको छ।